# बटेश्वर गाउँपालिका

## चौथो गाउँसभा

गाउँ सभाको बैठकमा उपाध्यक्ष श्री प्रमिला देवी ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७६।७७ को

नीति, कार्यक्रम तथा बजेट

बटेश्वर गाउँपालिका

धनुषा जिल्ला

प्रदेश नं. २

२०७६।०३।१०

**बटेश्वर गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु, एवँ**

**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

१.यस बटेश्वर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यहाँहरु समक्ष आगामी आ.व. २०७६।७७ को बजेट पेश गरिरहँदा गौरवान्वित महसुस गरेको छु । यस अवसरमा इतिहासको विभिन्न कालखण्डमा भएका साहसपूर्ण आन्दोलनहरु मार्फत मुलुकलाई सँघीय लोकतान्त्रिक युगमा परिणत गर्न आफ्ना प्राण उत्सर्ग गर्ने शहीदहरु तथा राष्ट्रहितमा समर्पित दिवँगत नेताहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । २.नेपालको सँविधान २०७२, स्थानीय सरकार सँचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनहरु द्वारा प्राप्त अधिकार तथा कर्तव्यहरुको पालनामा बटेश्वर गाउँपालिका पूर्ण आत्मविश्वास, दृढसँकल्प तथा सकारात्मक सोचका साथ अगाडी बढिरहेको कुरा म यहाँहरुलाई ज्ञात गराउन चाहन्छु । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धति अनुरुप यस गाउँपालिका वासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । चालू आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनले सुशासन तथा विकासको दरिलो आधारशिला निर्माण गरी बटेश्वर गाउँपालिकाको काम कार्यवाहीप्रति आमजनमानसको विश्वास बढन थालेको देख्न सकिन्छ । स्थानीय तहलाई प्राप्त महत्वपूर्ण अधिकार तर साधन श्रोत तथा जनशक्तिको अभाव हुँदाहुँदै पनि यस गाउँपालिकाले आफ्ना अधिकतम नीतिहरुलाई कार्यान्वयन गरेको म विश्वास तथा हर्षोल्लासका साथ भन्न सक्छु ।

बटेश्वर गाउँपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदानको मार्गदर्शन र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा आगामी आ.व. ०७६।७७ को बजेट प्रस्तुत गरेको छु ।

अब म यस गाउँपालिकाको चालू आ.व.को स्थितिका बारेमा सँक्षिप्त रुपमा जानकारी गराउन चाहन्छु ।

३. बटेश्वर गाउँपालिकाका अधिकतम जनता कृषि पेशामा आबद्ध भएको तथ्यलाई मध्यनजर गर्दै कृषि क्षेत्रमा स्वीकृत भएका कार्यक्रमहरुलाई सफलताका साथ सँचालन गरिएको छ । इनार तथा डिप बोरिंगको निर्माण तथा सँवर्द्धनलाई तीव्रता दिइएको छ । साथै सशर्त अनुदानका रुपमा प्राप्त कृषि, पशु तथा राष्ट्रपति चुरे सँरक्षण जस्ता कार्यक्रमहरुलाई समयमै सम्पन्न गरिएको छ ।

४. न्यायिक समितिमा परेको १३२ वटा उजरी मध्ये मोलमिलाप मार्फतबाट ६७ बाट उजुरी मेलमिलाप गरी समाधान गरियो र बाँकी उजुरी कारवाहीको कममा रहेको छ ।

५.चालू आर्थिक वर्षमा विद्यार्थी भर्ना अभियान, सामुदायिक विद्यालयहरुमा ई हाजिरी जडान जस्ता कार्यक्रमहरु मार्फत शैक्षिक क्षेत्रमा सुधार गर्न प्रयास गरिएको छ । विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण मार्फत बटेश्वर गाउँपालिकालाई खुला दिशामुक्त घोषणा गर्न आधार तयार गरिएको छ ।

६. माटो भरौट तथा ग्रेभिलिंग जस्ता कार्यहरुलाई निरुत्साहित गरी अधिकतम बाटोहरुलाई पीसीसी, आरसीसीमा स्तरोन्नति गरिएको छ र तथा रु डेढ करोड लागत भएको पिच सडकको निर्माण प्रक्रिया समेत प्रारम्भ भएको छ । वृक्षारोपण कार्यलाई सुरुवात गरी हरित गृह ग्यासको प्रभावलाई न्यूनीकरण गर्दै वातावरण सँरक्षणमा ध्यान दिइएको छ।

७. गाउँपालिकाबाट सम्पादन गरिने कार्यहरुलाई वेबसाईट तथा डिजिटल सूचना पाटी मार्फत सार्वजनिकीकरण गर्दै पारदर्शिता तथा सूचनाको हकको सफल अभ्यास गरिँदै छ । गाउँपालिकाको मुख्य प्रशासनिक भवनको निर्माण कार्यको सूत्रपात गरिएको छ ।

अब म यस बटेश्वर गाउँपालिकाको सौंच, लक्ष्य तथा अपेक्षित उपलब्धिको बारेमा सँक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सौंच :-** आधुनिक कृषि प्रणालीमा आधारित कृषितन्त्रको विकास गर्दै कृषि क्षेत्रलाई गाउँवासीको आर्थिक विकासको मुख्य परिचायकको रुपमा विकास गदै लग्ने ।

**लक्ष्य :-** अधिकाँश कृषि योग्य भूमिमा सिँचाईको व्यवस्था गर्ने, शिक्षा, स्वास्थ्य तथा सडकको स्तरोन्नति गर्दै गाउँवासीको समग्र रुपेण जीवनस्तरमा सुधार गर्ने ।

**उद्येश्य :-**

- गाउँपालिकाका यथासम्भव हरेका कामकारवाहीलाई पारदर्शी बनाउने ।
- आधुनिक कृषि सामग्रीहरुको प्रयोग बढाउँदै कृषि उत्पादकत्व बढाउने ।
- सबै वडाहरुलाई गाउँपालिका केन्द्रसँग जोडने सडक सँजालको विकास गर्ने ।
- बालमैत्री, बालश्रममूक्त तथा छुवाछुतमुक्त समाजको निर्माण गर्ने ।
- उपभोक्ता समितिमार्फत सम्पादन हुने कार्यहरुलाई अझै गुणस्तरीय रुपमा सम्पन्न गराउने ।
- सबै वर्ग, जाति, धर्म, लिँगको शिक्षा, स्वास्थ्य, रोजगार, सँचारको हकमा पहुँच सुनिश्चित गर्ने ।

**अपेक्षित उपलब्धि**

- कृषिमा आत्मनिर्भर बनाउने ।
- डिजिटल गाउँपालिकाको रुपमा विकसित गर्ने ।
- सुशासन तथा सँस्थागत विकासमा जोड दिने ।

अब, म यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

## १. आर्थिक क्षेत्र

### कृषि तथा पशु

- प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै कृषि कार्यक्रम अन्तर्गत बीउविजनहरुको वितरणलाई सहज बनाइनेछ ।
- पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमीकताका साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सँचालन गरिनेछ ।
- कृषकहरुलाई पशुपालनमा आत्मनिर्भर बनाउन उन्नत जातको भाले पशु वितरण गर्ने तथा कृत्रिम गर्भाधान समेतको व्यवस्था गरी नश्ल सुधार गरिनेछ ।
- गोठदेखि ओठसम्म तथा वधशाला देखि भान्सा सम्म भन्ने नीतिलाई अवलम्बन गर्दै पशुपालनलाई स्वच्छ, सफा पशुजन्य उत्पादनको उपभोगमा अभिवृद्धि गरिनेछ ।

### उद्योग तथा वाणिज्य

- उद्योग बजार, रोजगारी प्रर्वद्धन, स्वरोजगारिता र सीप विकास प्रर्वद्धन, अभिलेखीकरण, तथा उद्योग शाखा स्थापना गरिनेछ ।
- बेरोजगार युवाहरुलाई विभिन्न सीपमूलक तालिम दिने व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा हुने उत्पादनको आधारमा लघु तथा मध्यम उद्योगको स्थापनाका लागि विषयविज्ञ सहितको समिति गठन गरी सर्वे, अध्ययन अनुसन्धान गरी नीति तर्जुमा गरिनेछ ।

### सहकारी

- बचत तथा ऋणको कारोबार गर्ने सहकारी सँस्थाहरुको एकीकरण तथा सुदृढीकरणका कार्यहरु क्रमशः गर्दै लगिनेछ ।

## २. सामाजिक विकास

### शिक्षा

- साक्षरता कार्यक्रमहरुलाई अभियानका रुपमा सँचालन गरिनेछ ।
- गाउँ क्षेत्रभित्रका शैक्षिक सँस्थाहरुको स्तरोन्नतिका कार्यक्रमहरुलाई क्रमिक रुपले अगाडी बढाइनेछ ।
- बटेश्वर गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाको अवस्थामा पुर्याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु सँचालन गरिनेछ ।
- विद्यालयहरुको नक्साँकन गरी राष्ट्रिय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ ।

- धार्मिक, ऐतिहासिक, साँस्कृतिक, सामाजिक रुपले धनी यस बटेश्वर गाउँपालिकामा स्थानीय कला, सँस्कृति, इतिहास झल्किने सँग्रहालयको निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, सँरचना, मठ, मन्दिर, मस्जिद, दरगाह, शिलालेख, गुम्बा जस्ता ऐतिहासिक धरोहरको पहिचान गरि सँवर्द्धन गरिनेछ ।

## ३.पूर्वाधार विकास

### सडक, भवन तथा सहरी विकास

- गाउँपालिकाको Standards अनुसार हुनुपर्ने सम्पुर्ण पूर्वाधारहरु निर्माण तथा व्यवस्थापन तर्फ प्रक्रिया आरम्भ गरिनेछ ।
- मनोरँजन लगायतको अत्यावश्यक सुविधा सहितको सहरी पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको केन्द्र बटेश्वरलाई प्रत्येक वडाहरुसँग जोडने वृहत योजनाको सम्भाव्यता अध्ययन गरी कार्ययोजना बनाइनेछ ।
- **हाम्रो सडक हाम्रो सहभागिता स्तरीय सडक हाम्रो प्रतिबद्धता** अनुरुप गाउँपालिका क्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइप सहित ढलान, आर.सी.सी. पिच सडकमा स्तरोन्नति गरिनेछ ।
- पिच, नाली, हरियाली, विद्युतीकरण, पार्किंग सहितको नमूना सडकलाई बजेटमा प्राथमीकताक दिइनेछ ।

### सिँचाई

- आगामी आ.व.मा १०-१५ डिप ट्युबवेल निर्माण गरी सिँचाईको व्यवस्था गरिनेछ ।
- कृषि योग्य जमिनमा आवश्यक भएका अन्य दीगो र भरपर्दो सिँचाईका माध्यमहरुको व्यवस्था गरिनेछ ।

### उर्जा

- **उज्यालो बटेश्वर कार्यक्रम** अन्तर्गत विभिन्न वडाका मुख्य चोकहरुमा सोलार लाईट, टावर लाईट तथा सिएफएल बल्ब जडान गरिनेछ ।
- उर्जाका अनवीकरणीय श्रोतहरुको दोहनलाई कम गर्दै नवीकरणीय उर्जाका श्रोतहरुको प्रयोग लाई बढाउँदै लगिनेछ ।

### वन, वातावरण तथा विपद व्यवस्थापन

- यस गाउँपालिका भित्रमा जल उत्पन्न प्रकोपसँग सम्बन्धित समस्या तथा तिनका समाधानका लागि विस्तृत कार्ययोजना बनाइनेछ ।
- जैविक तथा अजैविक फोहोरहरुको उत्पादन तहदेखि नै छुटाछुटै सँकलनको व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिकामा एक हरित बाल उद्यान पार्क निर्माण गरी सँचालनमा ल्याइनेछ ।
- विभिन्न दैवी प्रकोपको कारणले आइपर्ने विपद सम्बन्धी कार्यहरुको रोकथामका लागि पूर्वतयारी गरिनेछ ।

### फोहोरमैला व्यवस्थापन

- वडा, टोल, समुदायमा एकत्रित भएका फोहोरमैलालाई Reuse को व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका प्रत्येक वडामा फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम सँचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन गर्न लैण्डफिल साईट पहिचान गरी निर्माण गर्ने प्रक्रिया प्रारम्भ गरिनेछ ।

- सामुदायिक विद्यालयहरुको भौतिक सँरचना निर्माणमा अपाँगमैत्री र लैंगिक मैत्री शौचालय निर्माणलाई प्राथमीकता दिइनेछ ।
- धरासायी अवस्थामा रहेको सामुदायिक विद्यालयको अवस्थालाई सो हुनुको कारण अध्ययन गरी प्रतिवेदन पेश भएमा सो विद्यालयको खारेजी वा अर्को विद्यालयसँग मर्ज गर्ने नीति लिई शिक्षाको गुणस्तरीयतालाई पहिलो प्राथमीकता दिइनेछ ।
- सँस्थागत विद्यालयहरुको हकमा यसै वर्षदेखि लागू हुने गरी १० प्रतिशत अनिवार्य छात्रवृतिको व्यवस्था गरिनेछ । यसका लागि गाउँपालिकाले गरिब तथा जेहेन्दार विद्यार्थीका लागि एकीकृत परीक्षा प्रणाली अवलम्बन गरी प्रत्येक सँस्थागत विद्यालयलाई सिफारिस गर्नेछ । यसरी सिफारिस भएका विद्यार्थीसँग कुनै पनि शुल्क उठाउन पाउने छैन ।

**स्वास्थ्य**

- स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय तुल्याइनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखि नै प्रसुती सुरक्षा सेवा तथा कार्यक्रमहरु सँचालन गरिनेछ ।
- नेपाल सरकारबाट निशुल्क उपलब्ध हुने प्रकारका औषधिहरु निरन्तर उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- गाउँस्तरीय अस्पताल निर्माणको लागि आवश्यक क्रियाकलाप सँचालन गरिनेछ ।
- ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरीक आरोग्य कार्यक्रम सँचालन गरिनेछ ।
- सबै सार्वजनिक स्थल र सवारी साधनहरुमा खुला मदिरा तथा धूम्रपान सेवन निषेध गरिनेछ ।
- गाउँपालिका गौरव आयोजनाको रुपमा रहेको प्रसूति गृह निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

**खानेपानी तथा सरसफाई**

- विभिन्न सामुदायिक तथा गै.स.स.हरुले उपभोक्तासँग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि समपूरक कोषको व्यवस्था मिलाइएको छ ।
- गाउँक्षेत्रका जनतालाई स्वच्छ र सफा खानेपानीको व्यवस्थाका लागि आवश्यक नीतिगत, सँरचनागत कार्यारम्भ गरिनेछ ।
- गाउँक्षेत्रभित्रका प्रत्येक घरपरिवारमा हाल उपलब्ध भइरहेको खानेपानीको निशुल्क जाँच गराइनेछ ।
- व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य प्रति जागरुक बनाउन विभिन्न कार्यक्रमहरु सँचालन गरिनेछ ।
- खुला दिशामुक्त कार्यक्रमलाई सफल पार्न आवश्यक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

**लैंगिक समानता, समावेशीकरण तथा सँस्कृति प्रवर्द्धन**

- राष्ट्रपति महिला उत्थान कार्यक्रम अनुरुप महिलाहरुको लागि सीप विकास तथा उद्यमशीलता कार्यक्रमहरु सँचालन मार्फत काम र रोजगारीका अवसरमा वृद्धि गरिनेछ ।
- अपाँग भएका व्यक्तिहरुको मनोबल, मर्यादा, सीप र क्षमता बढाउन पुर्नस्थापना लगायतका विशेष कार्यक्रमहरु सँचालन गरिनेछ ।
- मानसिक रोगी, टुहुरा बालबालिका, असहाय, वृद्ध, अपाँगता भएका व्यक्तिहरुको सुरक्षा र हेरचाह गर्ने सँस्थाहरुलाई निश्चित कार्यविधिका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- दलित समुदायको सामाजिक एकीकरण गर्दै उनीहरुलाई सहकारी तथा सामुदायिक उत्पादन प्रणाली मार्फत आधुनिक व्यवसाय गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**सँस्कृति प्रवर्द्धन तर्फ**

**सुशासन तथा संस्थागत विकास**

- गाउँपालिकाका प्रत्येक कर्मचारी, जनप्रतिनिधिलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
- विद्युतीय शासनको अवधारणालाई साक्षात्कार पार्न यो गाउँपालिका पूर्ण रुपले प्रतिबद्ध रहनेछ ।
- गाउँपालिकाका हरेक कामकारवाहीलाई वेबसाइट मार्फत सार्वजनिकीकरण गरिनेछ ।
- बटेश्वर गाउँपालिकालाई प्रदेश नं २ कै पहिलो डिजिटल गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयारी गरिनेछ । प्रारम्भिक चरणमा यस गाउँपालिकाको केन्द्रमा फ्री वाईफाई सेवा सुरुवात गरी क्रमश: वडाहरुमा समेत व्यवस्थापन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारीता कायम गर्न विभिन्न किसिमको जनचेतनामूलक कार्यक्रमहरु सँचालन गरिनेछ ।
- क्षतिपूर्ति सहितको नागरिक वडापत्रको प्रभावकारिता अभिवृद्धि गर्न श्रव्य दृश्य नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- कार्यालय समयमा हुने सेवाग्राहीको चापलाई नियन्त्रण तथा सहजीकरण गर्न Queue Management System को सुरुवात गरिनेछ ।
- विभिन्न कार्यक्रम, आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम सँचालन गरिनेछ ।
- आन्तरिक लेखापरीक्षण पद्धतिलाई प्रभावकारी बनाइनेछ ।
- बेरुजु हुन नदिने तथा भएकालाई फर्छ्यौट गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सँदेश र अनुरोध गाउँवासीहरुलाई हातहातमा उपलब्ध गराउने हेतु र सल्लाह सुझाव ग्रहण गरी नागरीकको अभिमतलाई सम्मान गर्न मोबाइल एप्सको सुरुवात गरिनेछ ।

**राजश्व परिचालन, श्रोत अभिवृद्धि तथा वित्तीय व्यवस्थापन**

- वार्षिक रुपमा व्यावसायिक कर असुली कर कार्यलाई थप प्रभावकारी बनाउन व्यवसाय कर तिरौं, विकास कार्यमा सरिक हौं भन्ने नाराका साथ वडा समिति र टोल विकास सँस्थाहरुलाई अभिमुखीकरण सहित सशक्त बनाई परिचालन गरिनेछ ।
- कर प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गर्न एस एम एस विधिबाट करदातालाई सूचना उपलब्ध गराइनेछ ।
- बटेश्वर गाउँपालिका नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

**अब म यस बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आ.व. २०७६/७७ मा यस गाउँपालिकाका लागि केन्द्रबाट वित्तीय समानीकरण तर्फमा रु ८९३०००००(आठ करोड त्रियानब्बे लाख) तथा सशर्त अनुदान तर्फ रु १०८८००००० (दश करोड अठासी लाख) तथा राजश्व बाँडफाँड(बाट रु ५६६००००० (पाँच करोड छैसठी लाख) त्यसैगरी प्रदेश नं २ सरकारबाट समानीकरण अनुदान तर्फ रु ६९४४०००(उनानसत्तरी लाख चौवालिस हजार), सवारी करको बाँडफाँड बाट रु २८३३०००(अठाइस लाख तेतीस हजार) तथा सशर्त तर्फ रु ५००००००( पचास लाख), विशेष अनुदानबापत रु २००००००(बीस लाख) तथा समपूरक अनुदानबापत ३०००००० (तीस लाख) प्राप्त हुने भएको छ ।

आगामि आर्थिक वर्षमा आन्तरिक राजस्व रकम रु २७००००० (सताइस लाख) संकलन गर्ने लक्ष्य लिईएको छ भने गाउँपालिकाको सञ्चित कोषमा रहेको गतवर्षको नगद मौज्दात रकम रु ८०००००० (आठ करोड) समेत गरी यस आ.व.को कुल बजेट रकम रु ३५७१७७००० (पैंतीस करोड एकहतरी लाख सतहतरी हजार) प्रस्ताव गरेको छु ।

कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च रु ८५०००००० (आठ करोड पचास लाख) तथा पुँजिगत खर्च २७२१७५००० (सताइस करोड एकाइस लाख सतहतरी हजार) गरी जम्मा रकम रु ३५७१७७००० (पैंतीस करोड एकहतरी लाख सतहतरी हजार) विनियोजन गरिएको छ । वडा समितिहरुको वडा स्तरबाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पुँजिगत खर्च तर्फ रकम रु १०००००००० (एक करोड) विनियोजन गरिएको छ । त्यस्तै गाउँपालिका स्तरीय योजनाहरुका लागि रु ४९०००००० (चार करोड नब्बे लाख) विनियोजन गरेको छु ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका बटेश्वर गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस बटेश्वर गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुऱ्याउनुहुने बटेश्वर गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यवाद ।